# कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकका कथा विधामा प्रयुक्त अभ्यासहरूको उपयुक्तता[1]

मदनराज बराल
अध्यापक, नेपाली विभाग, कोसी सेन्ट जेम्स कलेज, इटहरी
इमेलः *baralmadanraj@gmail.com*

**लेखसार**

प्रस्तुत लेखमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तक (२०८०)को कथा विधामा प्रयुक्त अभ्यासका प्रश्नहरूलाई कथा शिक्षणको विधागत प्रयोजन र पाठ्यक्रमका उद्देश्यअनुरूप विश्लेषण गरी तिनको उपयुक्तता र पर्याप्तता पहिल्याइएको छ । यसमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन र वर्णनात्मक विधिबाट व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका कथा विधाका अभ्यासहरू भाषिक सिप विकासमा केन्द्रित रहेका देखिन्छन् । त्यस्तै यी भाषिक सिपहरूमध्ये उक्त कक्षामा विधाशिक्षणको सैद्धान्तिक मर्मबमोजिम नै सबैभन्दा बढी लेखाइ सिपमा, त्यसपछि क्रमशः पढाइ, बोलाइ र सुनाइमा जोड दिइएका छन् । कथा पाठका अभ्यासमा समेटिएका प्रश्नहरू पर्याप्त मात्र नभएर विविधतायुक्त पनि पाइन्छन् । उक्त कक्षाको नेपाली भाषा पाठ्यक्रमको अपेक्षाअनुरूपका भाषिक सिपगत सक्षमता हासिल हुने खालका प्रश्नहरू रहेका छन् । कथा विधा शिक्षण प्रयोजनका आधारमा विश्लेषण गर्दा यी पाठका अभ्यासहरू शब्दभण्डार र पठनबोध क्षमता विकासका दृष्टिले उत्कृष्ट छन् । प्रश्नोत्तर, घटनाक्रम, समीक्षा, प्रतिक्रिया लेखन, सिर्जना र परियोजना कार्यसम्बद्ध सिकाइ क्षमता विकासका दृष्टिले भने केही मध्यम स्तरका छन् भने सारांश लेखन र बुँदाटिपोट क्षमता विकासका दृष्टिले केही कमजोर देखिन्छन् । यहाँका अभ्यासमा सुनाइ र बोलाइलाई छुट्टै ‘सुनाइ पाठ’ शीर्षक दिएर राख्नु साथै सुनाइ र बोलाइलाई अलग्गै शीर्षक दिएर राखी तिनलाई यिनै सिप विकासमा केन्द्रित गराउनुलाई यस पुस्तकको नयाँ र सकारात्मक पक्ष मान्न सकिन्छ । अघिल्ला अघिल्ला शृङ्खलाका तुलनामा यस पाठ्यपुस्तकमा सिर्जनात्मक र परियोजनामूलक अभ्यासहरू बढाउँदै लगिएको कुरालाई थप सबल पक्ष मान्न सकिए पनि सारांश र बुँदा टिपोटसम्बन्धी प्रश्नहरूमा थप विविधता र पर्याप्तता ल्याउनु उपयुक्त हुने देखिन्छ । समग्रमा कथा विधाका पाठमा अभ्यास रखाइका हिसाबले प्रस्तुत पुस्तक सबल रहेको छ भन्ने निष्कर्षमा पुगिएको छ ।

*शब्दकुञ्जी* : कथा विधा, शिक्षण प्रयोजन, भाषिक सिप, अभ्यास, सिकाइ उपलब्धि

## परिचय

भाषा पाठ्यक्रमले तोकेका निश्चित तह वा कक्षाका भाषिक उद्देश्यहरू पूरा गर्ने ध्येयले तह वा कक्षा किटान गरी तयार गरिएको पाठ्यपुस्तकलाई भाषापाठ्यपुस्तक भनिन्छ । यसमा खास तह र कक्षाका भाषा पाठ्यक्रमका भाषिक अपेक्षाहरू पूरा गर्ने कुरालाई विशेष प्राथमिकता दिइएको हुन्छ । ढुङ्गेल र दाहाल (२०६१/६२)द्वारा ह्यालिडेको भनाइ उद्धृत गर्दै उल्लेख गरिएअनुसार भाषापाठ्यपुस्तक शिक्षकका लागि शिक्षण सामग्रीको निर्माता, भाषिक विषयवस्तु पढाउने योजना बनाउने साधन, आफ्ना विद्यार्थीको प्राप्ति वा मूल्याङ्कनको आधार र उपलब्धि निर्धारणको पृष्ठभूमिमा भाषिक कार्यलाई सुबोध बनाउने माध्यम हो । अधिकारी (२०६१)का अनुसार “भाषापाठ्यपुस्तक सिर्जनात्मक अभिव्यक्तिको सँगालो नभएर भाषा पाठ्यक्रमले अपेक्षा गरेका

[1] Submitted on 2023 June 15
Peer Reviewed on 2023 July 13
Accepted on 2023 July 29

उद्देश्य पूरा गर्नका लागि उपयुक्त हुने खालका विषयवस्तु र विधाहरू छनोट गरिएको प्रमुख सामग्री हो" (पृ. १८४) । "भाषा पाठ्यक्रमको दायराभित्र रही निर्धारित भाषिक विषयवस्तुलाई विद्यार्थीअनुकूलका पाठ्यांशमा ढालेर क्रमबद्ध एवम् व्यवस्थित ढङ्गको भाषिक सिप र संज्ञान सिकाउने उद्देश्यले तयार गरिएको उपयुक्त पाठ्यसामग्री भाषापाठ्यपुस्तक हो" (शर्मा र पौडेल, २०६०, पृ. ३४१) । कुनै पनि भाषिक सिपमा निरन्तर दोहोऱ्याई तेहऱ्याई दक्षता प्राप्त गर्नका लागि गरिने जुक्ति वा उपाय यस सन्दर्भमा भाषिक अभ्यास हो । भाषापाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरूलाई नमुना मानेर त्यस्तै थप अभ्यास गर्न गराउन सकियोस् भनी राखिने भएकाले यिनलाई नमुना अभ्यास पनि भनिन्छ । ढुङ्गेल र दाहाल ( २०६१)का विचारमा "भाषिक प्रयोगका सन्दर्भगत ज्ञान तथा सिप हासिल गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उपयोगी साधन अभ्यास हो" (पृ. १०८) ।

यसरी हेर्दा असल भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य पूरा हुने खालका अभ्यासहरू राखिनु पर्दछ । मूल पाठभन्दा निकै बढी अभ्यास खण्ड राखिनु पर्छ ।

> भाषापाठ्यपुस्तकमा अभ्यास योजनाको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले, हरेक पाठको पाठ्यांश सकिएपछि उपयुक्त अभ्यासहरू समावेश गर्ने गरी पाठ्यपुस्तक निर्माण योजना गराइनु पर्दछ । अभ्यास पाठको प्रकृतिअनुरूप हुनु पर्दछ, सरलदेखि जटिलताको क्रममा हुनु पर्दछ, विविधतामूलक हुनु पर्दछ, पाठ्यक्रमका अपेक्षा अनुरूप हुनु पर्दछ र विद्यार्थीका क्षमता र आवश्यकता तथा रुचिअनुकूल हुनु पर्दछ । विद्यार्थीको कक्षा र स्तर हेरी पहिला मौखिक र त्यसपछि लिखित अनि प्रयोगात्मक अभ्यासहरूलाई क्रमबद्ध एवम् विविधतापूर्ण बनाई समावेश गरिनुपर्दछ । अभ्यासका प्रश्नहरू वस्तुगत, विषयगत सबै प्रकारका हुनु पर्दछ साथै सिपगत सन्तुलन तथा व्याकरणात्मक ज्ञान र सिपसँग पनि सम्बद्ध हुनु पर्दछ । जुन पाठबाट जे जस्ता व्याकरणात्मक अभ्यास गराउन सजिलो हुन्छ त्यसै किसिमका व्याकरणात्मक विषयवस्तु तथा तिनको अभ्यास प्रक्रिया आगमनात्मक ढङ्ग र पाठ्यपुस्तक विधिको ढङ्गमा आबद्ध बनाउने योजना बनाउनु पर्छ । संवादात्मक विधाबाट बोलाइ र सुनाइका अभ्यासले प्राथमिकता पाउनु पर्छ भने कथा, निबन्ध तथा जीवनी आदि विधाबाट पढाइ र लेखाइ अभ्यासले प्राथमिकता पाउनु पर्छ । तल्ला कक्षाका लागि सतही किसिमका पहिचानात्मक तथा स्मरणात्मक अभ्यासहरू बढी उपयुक्त हुन्छन् भने माथिल्ला कक्षाहरूमा क्रमशः प्रयोगात्मक, उत्पादनात्मक एवम् सिर्जनात्मक अभ्यासहरू समावेश गर्दै जानु राम्रो हुन्छ । अतः पाठ्यपुस्तक निर्माण योजनामा अभ्यास योजनाको पनि सन्तुलित र वैज्ञानिक उल्लेख हुनु जरुरी छ । ( पौडेल, २०६७, पृ. २६०-२६१) ।

भाषा अभ्यास र पुनरावृत्तिका माध्यमबाट सिकिने सामाजिक वस्तु हो । भाषाशिक्षणको मुख्य उद्देश्य भन्नु नै विद्यार्थीलाई भाषिक सिपमा सक्षम बनाउनु हो । यस सम्बन्धमा आफ्नो दृष्टिकोण राख्तै बराल (२०७४) लेख्छन् : "भाषाको बोध र अभिव्यक्ति दुवै सिप विकासका लागि प्रशस्त अभ्यास गराउनु पर्छ । विद्यार्थीमा नभएका भाषिक सिपहरू प्राप्त गर्न र प्राप्त भएका सिपलाई परिष्कृत, परिमार्जित र विकसित तुल्याउन भाषाशिक्षणमा अभ्यास तथा पुनरावृत्ति आवश्यक पर्दछ" (पृ ४) । यस कार्यका लागि भाषापाठ्यपुस्तक अत्यन्त उपयोगी हुन सक्छ । भाषापाठ्यपुस्तकका सहयोगले शिक्षकले योजनाबद्ध रूपमा उपयुक्त शिक्षण विधिको छनोट गरेर भाषाशिक्षण गर्छन् । विद्यार्थीलाई उपयुक्त अभ्यास गराउँछन् र शिक्षण सिकाइ उपलब्धिको मूल्याङ्कन गर्छन् । विद्यार्थीहरू पनि भाषा पाठ्यपुस्तककै सहयोगले विभिन्न खाले भाषिक अभ्यास गर्दै भाषिक सिपहरू सिक्छन् । पुनरावृत्ति गरी पढ्छन्, गृहकार्य गर्छन् र भाषिक सबलता हासिल गर्छन् । त्यसैले, भाषापाठ्यपुस्तकमा यस्ता खालका अभ्यासहरू हुनै पर्दछ ।

पौडेल (२०६७)का अनुसार "संस्थागत रूपमा नेपाली भाषाशिक्षणको थालनी सर्वप्रथम वि. सं. १९५८मा देवशमशेरले खोलेका भाषा पाठशालाहरूबाट भएको पाइन्छ । उक्त भाषा पाठशालाहरूमा शिक्षण गर्नका लागि तत्कालीन नेपालका वरिष्ठ शिक्षाविद् जयपृथ्वीबहादुर सिंहले *अक्षराङ्क शिक्षा* नामक नेपाली भाषा र अङ्कगणितका आधारभूत कुरा समावेश गरिएको पहिलो पाठ्यपुस्तक तयार गरेका थिए" (पृ. २६३) । तथापि त्यो नेपाली भाषा शिक्षण गर्ने प्रयोजनले मात्र तयार पारिएको नभएर नेपाली भाषामा लेखिएको नेपाली र गणित पनि पढाउन मिल्ने पाठ्यपुस्तक हो । पौडेल, भट्टराई र बराल (२०७५)का अनुसार "राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु भएपछि नेपाल सरकारको शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना गरी सोही पाठ्यक्रमानुसारका पाठ्यपुस्तकहरू सम्पादन गर्ने कामको प्रारम्भ भयो । पाठ्यपुस्तक प्रकाशन तथा वितरणको नेतृत्व जनक शिक्षा सामग्री केन्द्रलाई दिइयो" (पृ. ९८) । यस क्रममा अन्य विषयका साथमा नेपाली भाषाका पाठ्यपुस्तक पनि छापिए । त्यहाँदेखि हालसम्म आइपुग्दा सबै तह/कक्षाका पाठ्यपुस्तकहरू दर्जनौँपल्ट परिवर्तन भइसकेका छन् । यसमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको पछिल्लो संस्करण २०८० हो ।

पौडेल (२०६७)का अनुसार विद्यालयीय तहका प्रायः सबै कक्षाका नेपाली भाषापाठ्यपुस्तकमा अभ्यासको पर्याप्त र प्रशस्त व्यवस्था गरिएको पाइन्छ । हरेक पाठमा पाठका प्रकृति र शिक्षणीय अभिप्राय अथवा विधागत प्रयोजन र पाठ्यवस्तुअनुरूप हुने गरी अभ्यासहरू राखिएका देखिन्छन् । अभ्यासमा स्तर र आवश्यकताअनुरूप प्रशस्त विविधता दिने प्रयास गरिएको भेटिन्छ; सिप सन्तुलन ल्याउने प्रयास गरिएको देखिन्छ; मौखिक, लिखित र प्रयोगात्मक सबै प्रकारका अभ्यासहरूको निर्वाह गरिएको पाइन्छ; सिर्जनात्मक अभ्यास, व्याकरणात्मक अभ्यास, भाषातात्विक अभ्यास, शब्दभण्डारगत अभ्यास आदि सबैको प्रबन्ध मिलाइएको पाइन्छ र तिनलाई सरलदेखि जटिलताको क्रममा स्तरणीकृत गर्ने प्रयास पनि गरिएको देखिन्छ । त्यसै गरी उच्चारण, सस्वर पठन, मौनपठन, द्रुतपठन, पठनबोध, श्रुतिबोध, कथन, वर्णन, वक्तृता, संवाद, छलफल, प्रश्नोत्तर, प्रयोग, खोज, अनुमान, व्याख्या, विवेचना, रचना, निर्देशित रचना, स्वतन्त्र रचना, शब्दनिर्माण, वर्णविन्यास, चिह्नप्रयोग, श्रुतिलेखन आदि सबै प्रकारका अभ्यासात्मक नमुनाहरू प्रस्तुत गरिएको पाइन्छ अनि प्रश्नगत विविधता, कार्यकलापगत विविधता र स्तरयुक्तता पनि अपनाइएको भेटिन्छ ।

यिनै उद्देश्य/प्रयोजन पूरा गर्ने गरी नेपाली भाषापाठ्यपुस्तकका कथाका पाठहरूमा विद्यार्थीले शिक्षकका सहयोगमा वा स्वाध्ययनबाट श्रुतिबोध, सस्वरवाचन, शुद्ध उच्चारण तथा द्रुत किसिमको मौन पठन गर्न मिल्ने खालका अभ्यास राख्नु पर्छ । यसै गरी अभ्यासहरू शब्दार्थ तथा पदपदावलीको अर्थ/आशय, कथाको सारांश, विद्यार्थी आफू आफूमा प्रश्नोत्तर, कथाभित्रका शब्दभण्डार तथा उखानटुक्काको प्रयोग गर्न सक्ने किसिमका पनि राख्नु पर्छ । त्यस्तै घटनाक्रम तलमाथि पारिएका वा बिगारिएका विद्यार्थीहरूले मिलाउन, छोटा बोधप्रश्नहरूको उत्तर लेख्न, आफूले पढेको कथाका आधारमा अर्को कथा रच्न, पाठकै कथा वा नयाँ कथा पढ्न वा स्वतन्त्र रूपमा कथा रचना गर्न सक्ने खालका अभ्यास पनि यस सन्दर्भमा अपेक्षित हुन्छन् । यतिमात्र नभएर कथाका विशिष्ट अंशहरूको व्याख्या/सप्रसङ्ग व्याख्या तथा विवेचना गर्ने सिप सिकाउन वा अभ्यास गराउन, निश्चित अंश झिकी त्यहाँबाट बुँदा टिपोट गराउन, निश्चित अंशहरूको (सम्भव भए पूरै कथाको) श्रुतिलेखन गराएर वर्णविन्यास र लेख्य चिह्नसम्बन्धी शुद्धाशुद्धको जाँच गर्न, कथ्य र लेख्य रूपमा फरक हुने शब्दहरू खोजी तुलना र आपसमा परिवर्तन गर्न, विद्यार्थीलाई समूहमा बाँडेर कथासँग मिल्ने खालको अभिनय गराउन, उनीहरूलाई विभिन्न खाले वस्तुगत र सङ्क्षिप्त उत्तरात्मक तथा पठनबोधसम्बन्धी छोटा प्रश्नहरू निर्माण गर्न सक्ने बनाउन, शब्दभण्डार र भाषातत्त्वसम्बन्धी विभिन्न खालका अभ्यासहरू गराउन साथै अलिक माथिल्ला कक्षाका विद्यार्थीहरूलाई कथाको समीक्षा गर्न सक्ने खालका अभ्यासहरू राख्नु अनिवार्य हुन्छ ।

माध्यमिक तहका नेपाली भाषा विषयका पाठ्यपुस्तकका कथा पाठमा पनि माथि उल्लेख गरिएका सबै खाले अभ्यासहरू राख्नु उपयुक्त हुन्छ । कतिपय कार्यकलापहरू तल्ला तह र कक्षाका सन्दर्भमा अलिक बढ्ता साथै कतिपय माथिल्ला तह र कक्षाका सन्दर्भमा अलिक बढ्ता प्रभावकारी हुन सक्छन् । तथापि, यी कामकुरा गर्न सक्ने अभ्यास नभएमा कथा शिक्षणको उद्देश्य/प्रयोजन पूरा हुँदैन । सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चारै सिपको अभ्यासमा सघाउने कथा श्रवण, कथाकथन साथै कथाको विषयवस्तुसँग सम्बन्धित विवेचना गर्न लगाउनेलगायतका अन्य कार्यहरू गराउन सकिने अभ्यासहरू चयन गर्नु पर्दछ । यसका साथै त्यस्ता कार्यहरू गर्दा गराउँदा कतिपय कामकुराहरूलाई एकै ठाउँमा र कतिपयलाई अलग रूपमा अनि कतिपयलाई कक्षाकार्य र कतिपयलाई गृहकार्यका रूपमा पनि गराउन सहयोग गर्ने खालका अभ्यास राख्नु पर्दछ ।

अन्य विषयका पाठ्यपुस्तकभैँ हाम्रो विद्यालयीय स्तरका विभिन्न तह र कक्षाका भाषा विषय (यस सन्दर्भमा नेपाली भाषा विषय) का पाठ्यपुस्तकहरूमा भाषिक रूपले विशेष महत्त्व राख्ने यी कुराहरूमाथि सूक्ष्म रूपले ध्यान दिएर कुनै पनि विधाका पाठभित्र अभ्यास राखिए नराखिएका बारेमा आवश्यक अध्ययन भएको पाइँदैन । यस्तो अवस्था सबै कक्षाका नेपाली भाषा पाठ्यपुस्तकका सबै विधाका पाठका अभ्यास रखाइमा रहेको पाइन्छ । अध्ययनका लागि छानिएको यस पाठ्यपुस्तकमा त्यस्ता आवश्यक पक्षहरू कति र कसरी समेटिएका छन् त भन्ने कुरा नै यस अध्ययनको समस्या हो ।

यस अध्ययनसँग मिल्ने केही पूर्वकार्यहरूलाई हेर्दा रिमाल (२०७६)ले कथा विधामा चारओटै सिप विकास गर्ने खालका पठनबोध, घटना तथा अनुभव वर्णन, सामूहिक र व्यक्तिगत कार्य, भावव्याख्या, कथानक, पात्र, परिवेश आदिको वर्णन, कथा लेखन जस्ता विविध अभ्यासहरू समावेश गर्नुपर्ने धारणा प्रस्तुत गरेका छन् । यसै गरी घिमिरे (२०७६)ले विधाका प्रकृतिअनुरूप घटनावर्णन, अनुमान गर्ने प्रश्नहरू रहेको उल्लेख गर्दै सिपगत सन्तुलन, सारांश लेखन, तार्किक क्षमता र सिर्जनात्मक क्षमता विकास गर्ने खालका प्रश्नहरूमा अफ जोड दिनुपर्ने उल्लेख गरेका छन् । त्यस्तै काफ्ले (सन् २०२०)ले माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकका नमुना अभ्यासमा बोलाइ सिपको विकासका लागि मौखिक छलफल, भूमिका प्रदर्शन, विषय र सन्दर्भअनुकूल संवाद आदि जस्ता अभ्यासहरू बढाउनुपर्ने भन्ने कुरा अगाडि सारेका छन् । घिमिरे (सन् २०२२)ले नमुना अभ्यासमा सुनाइ पाठ र त्यससम्बद्ध अभ्यासलाई छुट्टै शीर्षक दिई सुनाइ र बोलाइ सिपका अभ्यास गराउन खोज्नु अध्ययनीय पुस्तकको नवीन पक्ष भएको भन्दै सुनाइ र बोलाइका अभ्यासमा लेखाइसम्बद्ध प्रश्नहरू समेत रहेकाले तिनको सट्टा यस खण्डमा सुनाइ बोलाइको मात्र अभ्यास गराउँदा अफ प्रभावकारी हुने सुझाव प्रस्तुत गरेका छन् । उनले माइली (सन् २०२०)को अध्ययनअनुसार जाकर्ताका भाषा पाठ्यपुस्तकका नमुना अभ्यासहरूमा नयाँ शब्दभण्डार र सहपाठी समूहकार्य गर्ने खालका प्रश्नहरू समावेश नभएकाले असल पाठ्यपुस्तक भन्न नमिल्ने निष्कर्षमा पुगिएको छ भन्ने कुरा पनि उल्लेख गरेका छन् ।

यसरी यसअघि यससँग केही हदसम्म मिल्ने खालका अध्ययन अनुसन्धानहरू भए पनि यही अर्थात् कक्षा दशको नेपाली भाषापाठ्यपुस्तक (२०८०)का कथा विधा शिक्षणको प्रयोजन र पाठ्यक्रमअनुरूपताका आधारमा केन्द्रित भएर यस खालको अध्ययन अनुसन्धान नभएकाले यही रिक्तता पूरा गर्ने उद्देश्यले यो अनुसन्धानात्मक लेख तयार गरिएको हो । त्यसैले, प्रस्तुत अध्ययनमा कक्षा दशको नेपाली भाषापाठ्यपुस्तक (२०८०)का कथा विधाका पाठपछि राखिएका अभ्यासहरूको सङ्ख्या, प्रकार पाठ्यक्रमअनुरूपता तथा विद्यार्थीमा भाषिक सिप विकास गराउने दृष्टिले तिनको उपयुक्तताको मूल्याङ्कन गर्न निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरूको प्रयोग गरिएको छ :

१. अभ्यासहरूको सङ्ख्या तथा प्रकार कति र कस्तो छ ?

२. ती अभ्यास पाठ्यक्रमअनुरूप छन् ?

३. विद्यार्थीमा भाषिक सिप विकास गराउने दृष्टिले ती अभ्यासहरू उपयुक्त छन् ?

## अध्ययन विधि

यस अध्ययनमा गुणात्मक अध्ययन ढाँचामा आधारित रही कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तक (२०८०)मा समाविष्ट कथा विधाका अभ्यासबाट पुस्तकालयीय अध्ययनमार्फत् सामग्री सङ्कलन र वर्णनात्मक विधिको उपयोग गरी प्राप्त तथ्यको व्याख्या विश्लेषण गरिएको छ। उक्त पुस्तकका कथा पाठहरूका अभ्यासमा समावेश भएका भाषिक संरचना र वर्णविन्यासबाहेकका प्रश्नहरूलाई अध्ययनको नमुना मानिएको छ । भाषिक प्रश्नका विभिन्न प्रकार समेटिने गरी विषयवस्तु विश्लेषणको खाका निर्माण गरेपछि तिनलाई सूचीबद्ध गरी उद्देश्यमा किटान गरिएका आधारबमोजिम तिनको तुलना गरिएको छ । त्यसपछि पाठका नमुना अभ्यासमा रहेका प्रश्नहरूबाट विद्यार्थीमा भाषिक सिपगत सिकाइ उपलब्धि हासिल हुन सके नसकेका साथै ती पाठ्यक्रमअनुरूप भएनभएका भन्ने कुरा हेरिएको छ । यससँगै तिनबाट विद्यार्थीमा कथा विधागत सिकाइ उपलब्धि हासिल हुन सक्ने वा नसक्ने कुराको खोजी गरिएको छ। त्यसपछि विभिन्न उपशीर्षकहरूका आधारमा कथा विधा शिक्षणका प्रयोजन हासिल हुन अभ्यासहरू के कति सबल छन् भन्ने कुरा पहिचान गरिएको छ । कथाको विधागत शिक्षण प्रयोजनलाई ख्याल गरी पुनरवलोकन खण्डमा उल्लेख गरिएका सैद्धान्तिक दृष्टिकोणलाई आधार मानी पाठ्यपुस्तकमा अभ्यासात्मक प्रश्नको पर्याप्तता र अपर्याप्तताको पहिचान, र वर्णन विश्लेषणबाट निष्कर्षमा पुग्ने काम भएको छ।

---

विश्लेषणमा बराल (२०७४)का निम्न निश्कर्षलाई प्रमुख आधार मानिएको छ :

> विद्यार्थीहरूमा आफूले सुनेको कुनै कथाको घटनाक्रम मिलाई कथन गर्ने सिप विकास गर्नु, शब्द संरचना, शब्द भण्डार, वाक्य संरचना, र शैली जस्ता कुराहरूसम्बन्धी क्षमताविस्तार तथा ज्ञान हासिल गर्नु, कथामा प्रयुक्त प्राविधिक, पारिभाषिक, पर्यायवाची, विपरीतार्थी, अनेकार्थीजस्ता शब्द तथा उखान टुक्का आदिको प्रयोग क्षमता विकास गर्नु, विद्यार्थीलाई विभिन्न विषयवस्तुका बारेमा जानकारी प्रदान गर्नु, कथा सुनेर र पढेर त्यसको मूल भाव बुझ्ने क्षमताको विकास गर्नु, सिर्जनात्मक रूपमा कथा भन्ने र लेख्ने सिप विकासमा सघाउनु, क्रम भङ्ग भएका विभिन्न घटनाहरूको घटना क्रम मिलाउने सिप सिकाउन मद्दत गर्नु, द्रुत पठन क्षमताको अभिवृद्धि गर्नु, भाषिक सिपहरूको विकास गर्नु, मानवीय मूल्यमान्यता झल्कने गुणहरू विकास गर्नु, कथाका मुख्य तत्त्वहरूका आधारमा कथा समीक्षा गर्ने सिप विकासको आधार खडा गर्नु आदि कथा शिक्षणको प्रयोजन हो। (पृ. ४१-४२)

शर्मा र पौडेल (२०६८)का अनुसार कथा शिक्षण गर्दा सुरूमा कथाको सामान्य परिचय दिने, शिक्षकले मौखिक रूपमा सङ्क्षेपमा कथा सुनाउने, श्रुतिबोधात्मक अभ्यास गराउने, सस्वर वाचन गराउने, उच्चारण दोष निवारण गर्ने, द्रुत मौन पठन गराउने, शब्दार्थ र पदपदावलीको आशयगत अर्थबोध गराउने, शब्द वा पदपदावलीलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने, समय तोकेर वा नतोकेर निश्चित अनुच्छेदको मौन पठन गराउने, बोध प्रश्नोत्तर गराउने, छलफल गराउने, गृहकार्यका रूपमा पूरै कथा पढ्न लगाउने, निश्चित अंश वा पूरै कथा भन्न लगाउने, कथाका आदि भाग, मध्य भाग र अन्त्य भागका कुनै अंश भन्न लगाउने, कथाको शृङ्खला बिग्रिएका बुँदा दिएर शृङ्खला मिलाउन लगाउने, बुँदा दिएर निर्देशित कथा रचना गर्न लगाउने, स्वतन्त्र ढङ्गले कथा लेखेर ल्याउन गृहकार्य दिने, कथाका विशिष्ट पङ्क्तिको व्याख्या र सप्रसङ्ग व्याख्या गर्ने अभ्यास गराउने, विवेचनात्मक अभ्यास गराउने, सारांश भन्न वा लेख्न लगाउने, सुनिश्चित अंशको बुँदा टिपोट गराउने, श्रुतिलेखन गराएर वर्णविन्यास र लेख्यचिह्न प्रयोगसम्बन्धी शुद्धीकरण गर्ने, भाषाका कथ्य र लेख्य रूपको परस्पर परिवर्तन अभ्यास गराउने, शब्दभण्डारका विविध पक्षहरूको अभ्यास गराउने, विभिन्न भाषातात्त्विक अभ्यास गराउने आदि क्रमशः गर्न सकिन्छ । उपर्युक्तमध्ये

आवश्यकताअनुसार सबै वा मुख्य मुख्य कुराहरू क्रमशः पृथक् पृथक् र संयुक्त ढङ्गले गराउने, कक्षाकार्य र गृहकार्यको उपयोग गर्ने र आवश्यकताअनुसार विविध शिक्षणसामग्री तथा सन्दर्भसामग्रीहरूको पनि सक्दो उपयोग गर्ने गर्नु राम्रो हुन्छ। यहाँ मूलतः यही सिद्धान्तमा केन्द्रित भएर कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकका कथा विधामा प्रयुक्त अभ्यासहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

## विश्लेषण

नेपाली भाषापाठ्यपुस्तक (२०८०)मा "घरझगडा", "शत्रु", "कर्तव्य", र "आयाम" गरी चार ओटा पाठ समावेश गरिएका छन् । यसमा अभ्यासहरूलाई शब्दभण्डार, बोध र अभिव्यक्ति, सुनाइ र बोलाइ, भाषिक संरचना र वर्णविन्यास साथै सिर्जना र परियोजना गरी पाँच ओटा उपशीर्षकमा वर्गीकरण गरिएको छ । प्रस्तुत अध्ययनमा भाषिक संरचना र वर्णविन्यासबाहेकका अभ्यासहरूको अध्ययन विश्लेषण गरिएको छ । "घरझगडा"मा शब्दभण्डार तथा बोध र अभिव्यक्तिभित्र क्रमशः पाँच र चौध ओटा प्रश्नहरू रहेका छन् । "शत्रु"मा क्रमशः पाँच र सत्र ओटा रहेका छन् । यसै गरी "कर्तव्य"मा चार र सोह्र ओटा रहेका छन् भने "आयाम"मा पाँच र चौध ओटा प्रश्नहरू रहेका छन् । चारै पाठमा सुनाइ र बोलाइ साथै सिर्जना र परियोजनाका प्रश्न भने दुई दुई ओटा रहेका छन् । चारै पाठमा क्रमशः हेर्दा जम्माजम्मी तेइस, छब्बिस, चौबिस साथै तेइस ओटा प्रश्न र प्रायः प्रश्नहरूमा उपप्रश्नहरू रहेका छन् । यस अध्ययनमा यी अभ्यासका प्रश्नहरूलाई पाठ्यक्रमअनुरूपता साथै कथा विधाको शिक्षणीय प्रयोजनअनुरूपताका कोणबाट हेरी सबल र सुधारात्मक पक्षको विश्लेषण गरिएको छ ।

### पाठ्यक्रमअनुरूपका सिपगत अपेक्षा

यस उपशीर्षकमा कक्षा दशको नेपाली भाषा पाठ्यक्रमका अपेक्षित सिकाइ उपलब्धिहरूमध्ये कथा विधाबाट हासिल हुन सक्ने सिकाइ उपलब्धिहरूलाई सुनाइ र बोलाइका सिप, पढाइ सिप र लेखाइ सिप गरी निम्नानुसारका तीन वर्गमा विभाजन गरी सोहीअनुरूप अभ्यासका प्रश्नहरूको अन्तर्सम्बन्ध केलाइएको छ ।

#### *सुनाइ र बोलाइ सिप*

कक्षा दशको अनिवार्य नेपाली भाषापाठ्यक्रममा सुनाइ र बोलाइ सिपका सिकाइ उपलब्धिहरूलाई कथा विधासम्बद्ध गराउँदा विद्यार्थीलाई शुद्ध र स्पष्ट उच्चारण तथा मौखिक वर्णन गर्न, अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न, र पूर्णबोधसहित शिष्ट भाषामा मौखिक प्रतिक्रिया व्यक्त गर्न, विधागत प्रकृतिका आधारमा पाठ सुन्न र त्यसका संरचना पहिचान गर्न, तोकिएका पाठ/पाठांशबाट प्रश्न बनाई तिनको उत्तर भन्न, पाठमा प्रयुक्त शीर्षक, घटना, परिवेश, चरित्र र भावका बारेमा तर्कसहित छलफल र प्रश्नोत्तर गर्न, र पाठ सुनेर तार्किक र समीक्षात्मक प्रतिक्रिया व्यक्त गर्न सक्ने बनाउने जस्ता अपेक्षा गरिएको छ ।

उक्त आधारमा अभ्यासहरूको विश्लेषण गर्दा विश्लेष्य पाठ्यपुस्तकका कथा पाठमा शुद्ध उच्चारण गर्ने, तोकिएका प्रश्नको उत्तर भन्ने, तोकिएका विषयवस्तुमा छलफल गर्ने, भाषिक अभिनय गर्ने, तोकिएका विषयमा मौखिक अभिव्यक्ति दिने, ठिक बेठिक छुट्ट्याउने, कक्षामा कथाकथन गर्ने, कथाभित्रका तोकिएका संवाद कसले कसलाई भनेका हुन् भन्ने कुरा बताउने, तोकिएको पाठ पढी मौखिक रूपमा खाली ठाउँ भर्ने र तोकिएका प्रश्नको उत्तर दिने, कथाका घटना, पात्र र परिवेशमा केन्द्रित भई कक्षामा सुनाउने, र तोकिएको कथांशबाट प्रश्न बनाई तिनको उत्तर भन्न लगाउने खालका प्रश्नहरू समावेश गरिएको हुँदा सिलसिलाबद्ध प्रस्तुति र मौखिक प्रतिक्रियाका दृष्टिले विद्यार्थीमा सुनाइ र बोलाइसम्बन्धी आवश्यक सिप विकास हुन सक्ने अवस्था देखिन्छ । पाठ सुनेर तार्किक र समीक्षात्मक प्रतिक्रिया व्यक्त गर्न सक्ने बनाउने अपेक्षा पूरा हुने स्पष्ट आधार नदेखिए पनि समग्रमा भने यी अभ्यासका प्रश्नहरू पाठ्यक्रमअनुरूपताका आधारमा सबल अर्थात् पाठ्यक्रमको अपेक्षाअनुरूप नै छन् ।

***पढाइ सिप***

यस सिपसम्बद्ध पाठ्यक्रम निर्दिष्ट सिकाइ उपलब्धिहरूलाई कथा विधासम्बद्ध गर्दा विद्यार्थीलाई खास गरी सस्वर वाचन गर्न, लिखित सामग्रीलाई सन्दर्भ र भावअनुसार गति मिलाई पढ्न, पढाइको गति विकास गर्ने गरी द्रुत र मौन पठन गर्न, पाठमा प्रयुक्त विशिष्ट अंश पहिचान गरी व्याख्या र विश्लेषण गर्न सक्ने गरी पढ्न, समीक्षात्मक विचार दिन सक्ने गरी पढ्न, निर्धारित पाठ पढी सन्दर्भ र परिवेशमा आधारित भई प्रश्नोत्तर गर्न, पाठ पढी विषयवस्तुको व्याख्या, विश्लेषण र समीक्षा गर्न, हिज्जे र लेख्य चिह्नका सङ्केतका आधारमा शुद्धसँग पढ्न, साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक तथा सांस्कृतिक सन्दर्भका बारेमा विश्लेषणात्मक प्रतिक्रिया दिन सक्ने गरी पढ्न, अनुमान, निष्कर्ष, सारांश, सन्देश र संश्लेषणको प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न, पाठमा प्रस्तुत मुख्य घटनालाई क्रम मिलाई अभिव्यक्त गर्न सक्ने गरी पढ्न, र विश्लेषणात्मक तथा समालोचनात्मक सोचको निर्माण गर्ने गरी विभिन्न प्रकारका लिखित सामग्री पढ्न सक्ने बनाउने भन्ने अपेक्षा देखिन्छ ।

यस आधारमा विश्लेष्य पाठ्यपुस्तकका कथा पाठमा राखिएका अभ्यासहरू हेर्दा शुद्ध उच्चारण ,गति र यति मिलाई सिङ्गै पाठ वा पाठांश सस्वर वाचन, पढ्न लाग्ने समय हेरी मौन पठन र कथांशहरू पढी सोधिएका प्रश्नको लामो, छोटो, बोधात्मक उत्तर दिने साथै त्यहाँबाट प्रश्न निर्माण गरी उत्तर पहिल्याउने जस्ता प्रश्नहरू समावेश गरिएका छन् । यसै गरी यहाँ पठनबोध गर्ने, घटनाक्रम मिलाउने, पाठकेन्द्रित निश्चित समस्यामाथि छलफल गर्ने, भाषिक अभिव्यक्तिसहित अभिनय गर्ने, लेखाइ र उच्चारणको भिन्नता पहिचान गर्ने, कथासार तथा समीक्षा प्रस्तुत गर्ने, र कुनै सन्दर्भ पढी तोकिएका कार्यहरू गर्ने खालका प्रश्नहरू राखिएका छन् । यहाँ मौन पठनबाट द्रुतपठनको अपेक्षा पूरा गराउन खोजिएका कारण द्रुतपठन नै भनेर किटान गरी अभ्यास नराखिनु, र विश्लेषणात्मक प्रतिक्रिया दिन सक्ने गरी पढ्ने अपेक्षा पूरा हुने खालका अभ्यासको कमी हुनु जस्ता सुधारात्मक कुराबाहेक समग्रमा यी प्रश्नहरू पढाइ क्षमता विकासमा सहयोगी अर्थात् पाठ्यक्रमको अपेक्षाअनुरूपकै देखिन्छन् ।

***लेखाइ सिप***

यस सिपसम्बद्ध पाठ्यक्रम निर्दिष्ट सिकाइ उपलब्धिहरूलाई कथा विधासम्बद्ध गर्दा पाठमा आधारित भई तार्किक र मौलिक प्रश्नोत्तर गर्न, सार लेख्न, श्रुतिलेखन र अनुलेखन गर्न, पाठको व्याख्या, विश्लेषण, समीक्षा गर्न, देखेका, सुनेका, पढेका र अनुभव गरेका घटना र परिवेशका बारेमा सिलसिला मिलाएर तर्कसहित प्रभावकारी रूपमा वर्णन गर्न, विभिन्न खाले उखानटुक्काहरूलाई सन्दर्भअनुसार अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न, निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखन गर्न, विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणात्मक, समीक्षात्मक र समालोचनात्मक अभिव्यक्ति दिन सक्षम बनाउने अपेक्षा राखिएको छ ।

यी अपेक्षाका सापेक्षतामा विश्लेष्य पाठ्यपुस्तकका कथा पाठमा राखिएका अभ्यासका प्रश्नहरू हेर्दा शब्दार्थ लेख्ने, सामान्य शब्द तथा उखान टुक्कालाई वाक्यमा प्रयोग गर्ने, अनुकरणात्मक शब्द पहिचान गर्ने, कोशक्रम मिलाएर राख्ने, घटनाक्रम मिलाएर लेख्ने, विभिन्न प्रश्नहरूको अति छोटो, छोटो, लामो उत्तर लेख्ने, व्याख्या, सप्रसङ्ग व्याख्या तथा विवेचना गर्ने, समीक्षा गर्ने, दिइएका बुँदालाई आधार मानी थप घटना निर्माण गरेर कथा लेख्ने, श्रुतिलेखन गर्ने, कथांशबाट छोटो उत्तरात्मक प्रश्न निर्माण गरी उक्त प्रश्नको उत्तर लेख्ने, तोकिएका पात्रको चरित्रचित्रण गर्ने, तोकिएका प्रश्नको तर्क दिएर पुष्टि गर्ने, कथासार लेख्ने, शब्द र अर्थका बिच जोडा मिलाउने, उखानटुक्का पहिचान गरी लेख्ने, निश्चित प्रश्नमा केन्द्रित भएर कारणसहित आफ्नो प्रतिक्रिया लेख्ने, आफूले पढेको पाठबाहिरको कुनै कथाको घटना, पात्र र परिवेशको समीक्षा गरी कक्षामा सुनाउने, कथामा प्रयुक्त अर्को भाषाबाट प्रभावित शब्दलाई नेपाली भाषाको मानक रूपमा लेख्ने, र कथा सिर्जना गर्ने खालका राखिएका छन् । यिनका विशेषतालाई हेर्दा किटानी साथ अनुलेखन भनेर कुनै प्रश्न नराखिएको भए पनि बाँकी

अपेक्षाहरू यिनले पूरा गर्न सक्ने देखिन्छ । यस आधारमा हेर्दा यी अभ्यास पनि पाठ्यक्रमको अपेक्षाअनुरूपकै देखिन्छन् । समग्रमा कथा विधाका पाठहरूमा सुनाइ र बोलाइ सिपका तुलनामा क्रमशः पढाइ र लेखाइ सिप विकास गर्ने खालका प्रश्नहरू बढ्ता प्रयोग भएका छन् । कथा विधाका नमुना अभ्यासबाट पाठ्यक्रमले अपेक्षा गरेका सुनाइ र बोलाइ सिपको थप विकासका लागि अभ्यासहरूको पर्याप्त र सन्तुलित व्यवस्था गर्नमा थप ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

**कथा शिक्षणको विधागत प्रयोजनअनुरूपको अपेक्षा**

बराल (२०७४)का अनुसार पाठ्यपुस्तकमा साहित्यिक विधाहरू समावेश गर्नुका साहित्यिक आस्वादन र भाषिक सिप विकास गरी मुख्य दुई प्रयोजनहरू रहन्छन् । सामान्यतया तल्ला कक्षाहरूमा सिपगत प्रयोजन बढी र क्रमशः माथिल्ला कक्षाहरूमा आस्वादनीय प्रयोजनहरू बढी सक्रिय रहन्छन् । भाषिक सिपगत प्रयोजनहरूमा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता ग्रहण र अभिव्यक्ति सिपहरूको विकास गराउनु रहन्छन् भने आस्वादनीय प्रयोजनहरूमा साहित्यिक कृतिको आशय बोध, व्यवहारमा सकारात्मक परिवर्तन, सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता, र देशप्रेम आदिको भावना विकास गराउनु रहन्छन् । तल्ला तथा माथिल्ला तह र कक्षामा यसको शिक्षणीय प्रयोजनमा केही फरक परे पनि समग्रमा भने विद्यालयीय तहको भाषाशिक्षण र त्यसभित्रको कथा शिक्षणको प्रयोजन मिल्ने देखिन्छ ।

यी विधामध्ये पनि विद्यालय स्तरको माध्यमिक तहको कक्षा दशमा कथा विधा शिक्षण गर्नुका विधागत उद्देश्य वा प्रयोजन विद्यार्थीहरूमा सस्वर तथा मौन पठन क्षमता, मौखिक तथा लिखित प्रश्नोत्तर क्षमता, सिलसिलाबद्ध प्रस्तुति गर्ने क्षमता आदि बढाउनु, आफूले सुनेको कुनै कथाको घटनाक्रम मिलाई कथन गर्ने सिप विकास गर्नु, शब्दसंरचना, शब्दभण्डार, वाक्यसंरचना, शैली जस्ता कुराहरूसम्बन्धी क्षमताविस्तार तथा ज्ञान हासिल गर्नु, कथामा प्रयुक्त प्राविधिक, पारिभाषिक, पर्यायवाची, विपरीतार्थी, अनेकार्थी जस्ता शब्द तथा उखान टुक्का आदिको प्रयोग क्षमता विकास गर्नु, विद्यार्थीलाई विभिन्न विषयवस्तुका बारेमा जानकारी प्रदान गर्नु, कथा सुनेर र पढेर त्यसको मूल भाव बुझ्ने तथा विशिष्ट पङ्क्तिको व्याख्या गर्ने क्षमताको विकास गर्नु, सिर्जनात्मक रूपमा कथा भन्ने र लेख्ने सिप विकासमा सघाउनु, क्रम भङ्ग भएका विभिन्न घटनाहरूको घटना क्रम मिलाउने सिप सिकाउन मद्दत गर्नु, द्रुत पठन क्षमताको अभिवृद्धि गर्नु, भाषिक सिपहरूको विकास गर्नु, मानवीय मूल्यमान्यता झल्कने गुणहरू विकास गर्नु, र कथा समीक्षा गर्ने सिप विकासको आधार खडा गर्नु आदिलाई मानिन्छ ।

नेपाली भाषाको माध्यमिक शिक्षा अन्तर्गतका कक्षा नौ र दशको पाठ्यक्रम (२०७८) ले सिकाइ सहजीकरण प्रक्रियाअन्तर्गत "विधाका माध्यमबाट सिपहरूको शिक्षण" उपशीर्षकमा बताएका कुरालाई आधार मान्दा कथा विधाका माध्यमबाट सिपहरूको शिक्षणको उद्देश्य वा प्रयोजन विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । आख्यानात्मक पाठ भाषा शिक्षणका साधन हुन् । नेपाली भाषा पाठ्यक्रममा यिनलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमका रूपमा राखिएको छ । आख्यानात्मक पाठको शिक्षणमा कथाश्रवण, कथाकथन, संरचना पहिचान, कथा निर्माण, सस्वर तथा मौनपठन, संरचना पहिचान, पठनबोध, प्रश्नोत्तर, चरित्रचित्रण र पात्र तुलना, बुँदाटिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलान, कथा सार, नयाँ शब्दको उच्चारण, अर्थ बोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन र सिर्जनात्मक लेखन जस्ता क्रियाकलाप गराउनुपर्दछ । यसको अर्थ कथा विधाका पाठमा राखिने अभ्यासहरू कथा शिक्षणको उद्देश्य वा प्रयोजनमा आधारित हुनु पर्दछ । यहाँ उक्त प्रयोजन हासिल हुन सक्ने वा नसक्ने दृष्टिले अभ्यासहरूको विश्लेषण गरिएको छ ।

***शब्दभण्डारसम्बन्धी अभ्यास***

कथा पाठका नमुना अभ्यासमा शब्दभण्डारसम्बन्धी अभ्यासहरूमा शब्दकोशको सहायताले शब्दको अर्थ लेख्ने अनि वाक्यमा प्रयोग गर्ने, शब्द र तिनले दिने अर्थबिच जोडा मिलाउने,

पाठबाट अनुकरणात्मक शब्द पहिचान गर्ने, शब्दहरूलाई कोशक्रममा राख्ने, पाठबाट अनेकार्थक शब्द पहिचान गरी तिनले दिने अनेक अर्थ खोज्ने, दिइएका उखान टुक्काहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने र पाठ वा पाठांशबाट उखानटुक्का खोजेर यिनको प्रयोग गरी अनुच्छेद लेख्ने, पाठबाट सिङ्गो शब्द छान्ने, र समावेशक र समावेश्य शब्द पहिचान गर्ने जस्ता प्रश्नहरूसहित प्रशस्त मात्रामा विविधता रहेको पाइन्छ । यस्ता प्रश्नहरूले विद्यार्थीको शब्दभण्डार क्षमता विकासमा सघाउनुका साथै उनीहरूमा शब्दहरूको अर्थ बुझ्ने क्षमतामा पनि विकास हुने देखिन्छ । शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने खालका प्रश्नहरूले विद्यार्थीको उत्पादनात्मक शब्दभण्डार क्षमता विकासका साथै शब्दार्थ बोध र सन्दर्भपूर्ण प्रयोग गर्ने क्षमता विकास हुने अवस्था देखिन्छ । पाठबाट उखानटुक्काहरू खोज्ने, तिनलाई वाक्यामा प्रयोग गर्ने वा अनुच्छेद लेख्न लगाउने जस्ता अभ्यासहरूबाट विद्यार्थीको मौलिक र सिर्जनात्मक क्षमता विकास हुने सम्भावना देखिन्छ। शब्दहरूलाई कोशक्रममा राख्ने खालको अभ्यासले विद्यार्थीमा शब्दकोश प्रयोग गरी अर्थ खोज्ने सिप विकास तथा बानी निर्माण हुने सम्भावना देखिन्छ । तिनले भाषातत्त्वसम्बन्धी समावेशक र समावेश्य शब्द पहिचान गर्ने अभ्यासले विद्यार्थीमा शब्दभण्डार तथा भाषातत्त्वसम्बन्धी क्षमता अभिवृद्धिमा सघाउ पुग्ने सम्भावना देखिन्छ । समष्टिमा हेर्दा शब्दभण्डार क्षमता विकासका दृष्टिले कथा पाठका अभ्यासमा समेटिएका प्रश्नहरू उपयुक्त र सबल देखिन्छन् ।

***बोध प्रश्न/अभ्यास***

कथाका पाठहरूमा राखिएका यससँग सम्बन्धित अभ्यासहरू अनुच्छेद दिएर गराइने बोध प्रश्नोत्तरका साथै छोटो उत्तरात्मक प्रश्नहरूसमेत रहेका छन् । कथाको अनुच्छेद सङ्ख्या पहिल्याउने, कथाभित्रका घटना तथा सन्दर्भहरू पहिचान गर्ने, अनुच्छेदको वाक्य सङ्ख्या पहिचान गर्ने, अनुच्छेदको शीर्ष वाक्य तथा मुख्य घटना पहिचान गर्ने, पात्रसङ्ख्या पहिल्याउने, निश्चित घटना तथा परिवेशको कारण पहिल्याउने, कथाभित्रका निश्चित कुरा कसले कसलाई भनेका हुन् भन्ने कुराको खोजी गर्ने, प्रमुख घटना भएका अनुच्छेद पहिचान गर्ने, तोकिएका विभिन्न अनुच्छेदको आशय बताउने, तर्क दिने, सङ्क्षिप्त रूपमा तुलना गर्नेलगायतका बोधप्रश्नहरू निर्माण गरिएका छन् । यसरी हेर्दा यी प्रश्नहरू पनि प्रत्यक्ष रूपमा कथा शिक्षणको उद्देश्य वा प्रयोजन हासिल हुने खालका अर्थात् सबल देखिन्छन् ।

***घटनाक्रम मिलाउने अभ्यास***

कथा पाठहरूमा दिइएका घटनाहरूलाई कथाका आधारमा क्रम मिलाएर लेख्न लगाउने, घटनाक्रम जनाउने बुँदाहरू दिएर कथा निर्माण गर्न लगाउने जस्ता अभ्यासहरू समावेश गरिएका छन्, जुन प्रत्यक्ष रूपमा कथा विधा शिक्षणको विशिष्ट प्रयोजनसँग सम्बन्धित हुन्छन् । यस्ता अभ्यासबाट विद्यार्थीमा आफूले देखेका, सुनेका र जानेका विषयवस्तुलाई सिलसिला/क्रमबद्ध रूपमा अभिव्यक्त गर्ने सिप विकास हुने देखिन्छ । यस आधारमा यी प्रश्नहरू पनि कथा शिक्षणको उद्देश्य वा प्रयोजन हासिल हुने खालका देखिन्छन् ।

***पठनबोध (दृष्टांश र अदृष्टांश) सम्बन्धी अभ्यास***

यहाँ विश्लेष्य कथाका अभ्यासमा दृष्टांश र अदृष्टांश दुवै खालका अनुच्छेद दिइएका छन् । दृष्टांशअन्तर्गत कारण पहिचान गर्ने, मनोभाव बुझाउने, आशय पहिचान गर्ने, घटना बताउने, आफ्ना धारणा राख्ने, अनुमान गर्ने, मुख्य कुरा टिपोट गर्ने, दुईओटा कथामा घटना टिपोट गरी सार लेख्ने र दुईओटामा सार मात्र लेख्ने खालका प्रश्नहरू सोधेर विद्यार्थीलाई बोध प्रश्नोत्तर गराउन खोजिएको छ । अदृष्टांशअन्तर्गत कारण पहिल्याउने, भिन्नता पहिचान गर्ने, तात्पर्य खुलाउने, आफ्नो धारणा दिने, भाषिक संरचना र वर्णविन्यास पहिचान गर्ने साथै कक्षामा सामूहिक रूपमा संवादात्मक प्रस्तुति गर्ने खालका प्रश्नहरू रहेका छन्। यी पनि अति सङ्क्षिप्त र सङ्क्षिप्त गरी दुई खालका छन् । यसरी कथाका सबै पाठमा दृष्टांश र भिन्न विषय क्षेत्रका अदृष्टांश साथै अति सङ्क्षिप्त र सङ्क्षिप्त प्रकृतिका अभ्यास गर्न मिल्ने प्रश्नहरू समेटिएकाले बोधसम्बन्धी पर्याप्त अवसर प्राप्त भई विद्यार्थीमा पठनबोध क्षमता विकासका लागि विशेष सहयोग पुग्ने अवस्था देखिन्छ

। यस आधारमा यी प्रश्नहरू पनि कथा शिक्षणको प्रयोजनका हिसाबले सबल देखिन्छन् ।

***व्याख्यात्मक अभ्यास***

कथाका अभ्यासमा पाठभित्रबाट खास खास अंश दिई तिनको व्याख्या गर्न लगाउने खालका प्रश्नहरू रहेका छन् । यस्ता प्रश्नले विद्यार्थीमा भावबोध तथा तिनको व्याख्या, विश्लेषण, समीक्षा गर्ने जस्ता उच्च भाषिक दक्षता हासिल हुन सक्ने मात्र नभएर पढेका सामग्रीका बारेमा आफ्ना दृष्टिकोणहरू प्रस्तुत गर्ने सिपको समेत विकासमा सघाउ पुग्ने देखिन्छ ।

***समीक्षात्मक अभ्यास***

विद्यार्थीले पढेका विषयवस्तुहरूको समीक्षा गर्ने, असर र परिणाम बताउने, कारण पहिल्याउने, पात्रको चरित्र चित्रण तथा पात्रहरूका चारित्रिक विशेषताहरूको तुलना गर्ने, पात्रका मनोविज्ञान उल्लेख गर्ने, परिवेश वर्णन/चित्रण गर्ने, शीर्षक सार्थकता देखाउने, कुनै विषयका पक्षविपक्षमा रहेर आफ्ना तर्क तथा विचारहरू प्रस्तुत गर्ने, समीक्षा गर्ने, वर्णन गर्ने, र चर्चा गर्ने खालका प्रश्नहरू समेटिएका छन् । यिनले विद्यार्थीमा उच्च दक्षतामूलक सिप विकास गर्न विशेष सहयोग गर्दछन् । यसरी हेर्दा यी प्रश्नहरू पनि कथा शिक्षणको उद्देश्य वा प्रयोजनका हिसाबले उपयुक्त देखिन्छन् ।

***प्रतिक्रियात्मक अभ्यास***

यी कथाका पाठहरूमा खास गरी कथातत्त्वहरू (विषयवस्तु, पात्र, पात्रका विशेषता/चरित्र, कथाको परिवेश, शीर्षक सार्थकता आदि)सँग सम्बन्धित रहेर पाठक प्रतिक्रिया दिने खालका प्रश्नहरू समेटिएका छन् । कथा विधाका पाठपछाडिका अभ्यासहरूमा यस्ता प्रश्न समेटिनुलाई कथा विधा शिक्षणको विशिष्ट प्रयोजनका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यस खालका प्रश्नहरूबाट विद्यार्थीमा विषयवस्तु बुझेर धारणा बनाउने र सोबारे स्वतन्त्र दृष्टिकोण प्रस्तुत गर्ने क्षमता विकासमा विशेष सहयोग पुग्दछ । त्यसैले यी प्रश्नहरू पनि यस सन्दर्भमा सबल देखिन्छन् ।

***बुँदा टिपोट/सारांश लेखनसम्बन्धी अभ्यास***

कक्षा दशको 'नेपाली' पाठ्यपुस्तकका कथा विधामा प्रयुक्त अभ्यास हेर्दा 'शत्रु' कथा पाठका अभ्यासमा बुँदा टिपोटसम्बन्धी एउटा प्रश्न समावेश गरिएको छ, तर सारांश लेखनसम्बन्धी अभ्यास छैन । प्रश्न रखाइका हिसाबले यसलाई सुधारात्मक पक्ष मान्न सकिन्छ ।

***सिर्जना र परियोजना कार्यमा आधारित अभ्यास***

कथा विधाका अभ्यासका दिइएका बुँदालाई आधार मानी थप घटना निर्माण गरेर कथा तयार पार्न लगाउने, ऐतिहासिक विषयवस्तुमा आधारित कुनै कथा खोजी कक्षामा प्रस्तुत गर्न लगाउने, दिइएको सन्दर्भलाई आधार मानी थप घटना निर्माण गर्दै एकसय शब्दमा नघटाई एउटा कथा लेख्न लगाउने, दिइएका बुँदाका आधारमा छोटो कथा लेख्न लगाउने, विद्यार्थीले अध्ययन गरेको कुनै एउटा सामाजिक कथाको घटना, पात्र र परिवेशको समीक्षा गरी कक्षामा सुनाउन लगाउने, विद्यार्थीलाई मन परेको शीर्षकमा एउटा कथा लेख्न लगाउने, र पुस्तकालयबाट कुनै एउटा कथा खोजेर ल्याई कक्षामा सुनाउन लगाउने खालका अभ्यासहरू समावेश गरिएका छन् । यस्ता अभ्यासहरूले विद्यार्थीमा मौलिक तथा सिर्जनात्मक क्षमताको विकासमा सहयोग पुग्ने देखिन्छ । यस दृष्टिले प्रस्तुत पाठ्यपुस्तकका कथा पाठका अभ्यासमा राखिएका प्रश्नहरू सबल देखिन्छन् ।

***सुनाइ र बोलाइ अभ्यास***

प्रस्तुत पाठ्यपुस्तकमा कथा विधाका चारओटा पाठमा मात्र नभएर सबै अर्थात् सोह्रओटै पाठका सुनाइ र बोलाइसम्बन्धी अभ्यासलाई अलग्गै रूपमा "सुनाइ पाठ" शीर्षक दिएर राखिएको छ । यसमा पाठ सुनेर दिइएका प्रश्न ठिक बेठिक के हुन् सो छुट्याउन, खाली ठाउँमा उपयुक्त शब्द भर्न र बोध प्रश्नहरूको उत्तर दिन लगाउने खालका प्रश्नहरू समावेश गरिएका छन् । यस्ता अभ्यासहरूले विद्यार्थीमा श्रुतिबोधात्मक भाषिक सिप तथा क्षमता विकास गर्नमा खास सहयोग गर्ने देखिन्छ । यस

आधारमा प्रस्तुत पाठ्यपुस्तकका कथा पाठका अभ्यासमा राखिएका प्रश्नहरू उपयुक्त देखिन्छन् ।

**निष्कर्ष**

कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तक (२०८०)का कथा विधाका पाठपछि राखिएका अभ्यासहरूको सङ्ख्या, प्रकार, पाठ्यक्रमअनुरूपता, विद्यार्थीमा भाषिक सिप विकास गराउने दृष्टिले तिनको उपयुक्ततालाई समस्या र यिनै समस्याको समाधानको उदेश्यमा केन्द्रित भएर गरिएको यस अध्ययनमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकका कथा पाठका अभ्यासहरू भाषिक सिप विकासमा केन्द्रित देखिन्छन् । यो भाषाशिक्षणीय मर्मअनुरूप नै रहेको पाइन्छ । तीमध्ये सबैभन्दा बढी लेखाइ सिप त्यसपछि क्रमशः पढाइ, बोलाइ र सुनाइमा जोड दिइएको पाइन्छ । सिद्धान्ततः विद्यालयको माथिल्ला कक्षामा गरिने भाषाशिक्षणभित्रको विधाशिक्षणमा यसो हुनु उपयुक्त देखिन्छ । यहाँ अध्ययन गरिएका चार पाठमध्ये शब्दभण्डार, बोध र अभिव्यक्ति, सुनाइ र बोलाइ साथै सिर्जना र परियोजनाका “घरझगडा”मा तेइस, “शत्रु”मा छब्बिस, “कर्तव्य”मा चौबिस तथा “आयाम”मा तेइस ओटा प्रश्न छन् । प्रायः प्रश्नहरूमा प्रशस्त मात्रामा उपप्रश्नहरू रहेका छन्, र यसो हुनुलाई अभ्यासमा विविधता हुनुपर्छ भन्ने सैद्धान्तिक दृष्टिले हेर्दा उपयुक्त मान्न सकिन्छ । यी कथा पाठमा पाठ्यक्रमको अपेक्षाअनुरूप चारओटै सिप विकास हुने खालका प्रश्नहरू रहेका छन् । सिप विकासका दृष्टिले यी अभ्यासहरू सबल देखिन्छन् । कथा विधा शिक्षण प्रयोजनका आधारमा विश्लेषण गर्दा यी पाठका अभ्यासहरू शब्दभण्डार र पठनबोध क्षमता विकासका दृष्टिले उत्कृष्ट छन् । प्रश्नोत्तर, घटनाक्रम, समीक्षा, प्रतिक्रिया लेखन, सिर्जना र परियोजना कार्यसम्बद्ध सिकाइ क्षमता विकासका दृष्टिले भने मध्यम स्तरका छन् । सारांश लेखन र बुँदाटिपोट क्षमता विकासका दृष्टिले भने कमजोर देखिन्छन् । यहाँका अभ्यासमा सुनाइ र बोलाइलाई छुट्टै “सुनाइ पाठ” शीर्षक दिएर राख्नु साथै सुनाइ र बोलाइलाई अलग्गै शीर्षक दिएर राखी तिनलाई यिनै सिप विकासमा केन्द्रित गराउनुलाई यस पुस्तकको नयाँ र सकारात्मक पक्ष मान्न सकिन्छ । अघिल्ला अघिल्ला शृङ्खलाका तुलनामा यस पाठ्यपुस्तकमा सिर्जनात्मक र परियोजनामूलक अभ्यासहरू बढाउँदै लगिएको कुरालाई थप सबल पक्ष मान्न सकिए तापनि सारांश र बुँदा टिपोटसम्बन्धी प्रश्नहरूमा थप विविधता र पर्याप्तता ल्याउनु उपयुक्त हुने निष्कर्ष निकालिएको छ ।

**सन्दर्भ सामग्रीहरू**

अधिकारी, हे. (२०६१). *नेपाली भाषा शिक्षण* (छै.सं.). विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, उ. (सन् २०२०). कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा बोलाइ सिपको अभ्यास, *आयाम : इन्टरडिसिप्लिनरी जर्नल अफ एजुकेसन, ५*(१-२), १४५-१५८. https://doi.org/10.3126/ire.V5il&2.34745

घिमिरे, दि. (सन् २०२२). कक्षा ११ को ‘नेपाली’ पाठ्यपुस्तकका कथा विधामा प्रयुक्त नमुना अभ्यास. *इन्टर डिसिप्लिनरी जर्नल अफ एजुकेसन, ७*(२), १-१०. https://doi.org/10.3126/ire.v7i2.50466

ढकाल, शा. (२०६९). *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* शुभकामना प्रकाशन ।

ढुङ्गेल, भो., र दाहाल, दु. (२०६१). *भाषा पाठ्यक्रम तथा शिक्षण विधि.* एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पाविके. (२०७८). *माध्यमिक शिक्षा पाठ्यक्रम, कक्षा ९-१०.* पाठ्यक्रम विकास केन्द्र ।

पाविके. (२०८०). नेपाली, कक्षा १०. पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, टी., भट्टराई, ती., र बराल, म. (२०७५). *नेपाली भाषा पाठ्यक्रम,पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस ।

पौडेल, ने., र खतिवडा, ती. (२०६५). *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* पैरवी प्रकाशन ।

पौडेल, मा. (२०७०). *भाषिक विधा शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

बराल, म. (२०७४). *नेपाली भाषाशिक्षण.* एन. बि. डी.प्रकाशन ।

रिमाल, डि. (२०७६ असार). भाषा सिकाइमा कथा विधा समावेश गरिनुको शैक्षणिक प्रयोजन. *शिक्षा पत्रिका,* १५६-१६९ ।

शर्मा, के., र पौडेल, मा. (२०६०). *नेपाली भाषा र साहित्य शिक्षण.* न्यु हीरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, के., र पौडेल, मा. (२०६८). *नेपाली भाषा शिक्षणका सन्दर्भहरू.* विद्यार्थी पुस्तक भण्डार ।